**आकाशवाणी**

12 March 2025

**मुख्य समाचार**

- **प्रधानमन्त्री श्री नरेन्द्र मोदी मौरिससको सर्वोच्च नागरिक पुरस्कारले विभूषित**
- **देशको समावेशी र दिगो विकासका लागि राष्ट्रपतिले समाजका वञ्चित वर्गको उत्थानमाथि दिनुभयो बल**
- **लोकसभाद्वारा तेलक्षेत्र-विनियमन तथा विकास संशोधन विधेयक पारित**
- **आईसीसी एकदिवसीय क्रिकेट र्‍याङ्किङ्मा भारतीय खेलाडीहरू शीर्ष दसमा, अनि**
- **इन्डियन सुपर लीग फुटबलमा अहिले केरल ब्लास्टर्स र हैदराबादको भिडन्त हुँदै**

**प्रधानमन्त्री मौरिसस**

प्रधानमन्त्री श्री नरेन्द्र मोदी आज मौरिससको च्याम्प डे मार्समा मौरिससको राष्ट्रिय दिवस समारोहमा प्रमुख अतिथिको रूपमा उपस्थित हुनुभयो।

समारोहमा, मौरिससका राष्ट्रपति श्री धरमवीर गोखुलले भारत-मौरिसस मैत्रीसम्बन्धमा उत्कृष्ट योगदान पुर्‍याए वापत श्री मोदीलाई Grand Commander of the Order of the Star and Key of the Indian Ocean – ले विभूषित गर्नुभयो।

प्रधानमन्त्री श्री मोदी मौरिससको सर्वोच्च नागरिक पुरस्कारले सम्मानित हुने पहिलो भारतीय बन्नुभएको छ। भारतीय नौसेना टोलीले मौरिससको राष्ट्रिय दिवस समारोह परेडमा भाग लिएको थियो। मौरिससको आफ्नो दुई दिने राजकीय भ्रमण सफलतापूर्वक समाप्त गरेपछि प्रधानमन्त्री स्वदेश फर्किनु हुँदैछ।

यसअघि, प्रधानमन्त्री श्री नरेन्द्र मोदी र मौरिससका प्रधानमन्त्री डा. नवीनचन्द्र रामगुलामले प्रतिनिधिमण्डल-स्तरीय वार्ता गर्नुभयो। जसमा उहाँहरूले द्विपक्षीय सम्बन्धका प्रमुख क्षेत्रहरूको समीक्षा गर्नुभयो।

राष्ट्रिय सभामा आयोजित एक कार्यक्रममा, श्री मोदी र श्री रामगुलामले २० उच्च-प्रभाव सामुदायिक विकास परियोजनाहरू अनि भारत-सहायता प्राप्त क्षेत्र स्वास्थ्य केन्द्रको ई-उद्घाटन गर्नुभयो। यी पहलहरूले मौरिससको स्वास्थ्य सेवा र निम्नतहको पूर्वाधारलाई बलियो बनाउनेछन् ।

यसबाहेक, वित्तीय अपराध रोकथाम, साना तथा मझौला उद्योग, सार्वजनिक सेवा क्षमता निर्माण, समुद्री सुरक्षा र स्थानीय मुद्रा व्यापार लगायतका क्षेत्रहरूमा आठवटा सम्झौतापत्रहरू आदानप्रदान गरिए। **सेन्ट ब्रान्डन टापुको नेभिगेसनल चार्ट** पनि हस्तान्तरण भयो। प्रधानमन्त्री श्री मोदीले उच्च-प्रभावकारी सामुदायिक विकास परियोजनाहरूको दोस्रो चरण अनि मौरिससको लागि नयाँ संसद भवन निर्माणको लागि समर्थनको घोषणा गरेर मौरिससको विकासप्रति भारतको प्रतिबद्धतालाई पुन: पुष्टि गर्नुभयो।

प्रधानमन्त्री श्री मोदी र प्रधानमन्त्री श्री रामगुलामले संयुक्त रूपमा मौरिससमा अटल बिहारी वाजपेयी सार्वजनिक सेवा र नवाचार संस्थानको उद्घाटन गर्नु। संयुक्त प्रेस विज्ञप्तिमा, प्रधानमन्त्रीले भारतको क्षेत्रीय रणनीतिमा मौरिससको महत्त्वपूर्ण भूमिकालाई प्रकाश पार्नुभयो। उहाँले भन्नुभयो, दुई देश हिन्द महासागरले मात्र जोडिएका छैनन्, तर परम्परा र संस्कृतिले पनि एकअर्कासँग जोडिएका छन्।

**भाजपा-प्रधानमन्त्री पुरस्कार**

भारतीय जनता पार्टीले प्रधानमन्त्री श्री नरेन्द्र मोदीलाई २१ वटा देशको सर्वोच्च नागरिक सम्मान प्राप्त गर्ने विश्वकै अद्वितीय नेताको रूपमा वर्णन गरेको छ। संसद बाहिर बोल्दै पार्टी भाजपा प्रवक्ता श्री सुधांशु त्रिवेदीले यी २१ देशहरूमध्ये नौ इस्लामिक देशहरू रहेको बताउनु भयो, जसमा इजिप्ट, संयुक्त अरब अमिरात, बहराइन र अफगानिस्तान समावेश छन्। उहाँले भन्नुभयो, आज श्री मोदीले मौरिससको सर्वोच्च राष्ट्रिय सम्मान प्राप्त गर्नुले विश्वका विभिन्न देशहरूसँग भारतको सम्बन्ध आर्थिक, सैन्य र कूटनीतिक स्तरमा धेरै अगाडि बढेको दर्शाउँदछ।

**रेल राज्यसभा**

आज राज्यसभामा रेल मन्त्रालयको कामकारबाहीमाथि छलफल शुरु भयो। सभापतिले सदनको कारबाही सोमबारसम्मका लागि स्थगित गर्दै होली पर्वलाई ध्यानमा राख्दै सदन स्थगित गर्न र सोमबार रेल मन्त्रालयको कामकारबाहीमाथि छलफल जारी राख्न सदस्यहरूको माग रहेको बताउनु भयो।
**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ**

**राष्ट्रपति-पञ्जाब भ्रमण**

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले देशको समावेशी र दिगो विकासका लागि समाजका वञ्चित र पछाडिएका वर्गको उत्थानमाथि विशेष जोड दिनुभएको छ। चण्डीगढमा पञ्जाब विश्वविद्यालयको ७२ औं दीक्षान्त समारोहको अध्यक्षता गर्दै उहाँले यस्तो विचार साझा गर्नुभयो।

राष्ट्रपतिले विकसित भारतको लक्ष्यलाई ध्यानमा राख्दै पञ्जाब विश्वविद्यालयले नयाँ शिक्षा नीति अनुरूप नवाचार, अनुसन्धान र वैश्विक साझेदारीलाई प्रवर्द्धन गरिरहेको बताउनु भयो। उहाँले शिक्षा क्षेत्रमा उद्योगहरूले पनि योगदान गर्नुपर्ने बताउनु भयो।

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले विद्यार्थीहरूमा संवेदनशीलता र देशभक्तिको भावना हुनुपर्ने बताउनु भयो। विद्यार्थीहरूलाई बधाई दिँदै राष्ट्रपतिले भविष्यका चुनौतीहरूको सामना गर्न विद्यार्थीहरूले सकारात्मक दृष्टिकोण राख्नुपर्ने र उदीयमान प्रविधिहरूसँग परिचित हुनुपर्ने बताउनु भयो।

**लोकसभा-तेल क्षेत्र विधेयक**

आज लोकसभाले तेलक्षेत्र-विनियमन तथा विकास संशोधन विधेयक, २०२४ पारित गरेको छ। यो विधेयकले तेलक्षेत्र - विनियमन तथा विकास ऐन, १९४८ लाई संशोधन गर्ने लक्ष्य राखेको छ। यसले प्राकृतिक रूपमा हुने हाइड्रोकार्बन, कोइला बेड मिथेन र शेल ग्यासलाई समावेश गर्न खनिज तेलको परिभाषालाई विस्तार गर्दछ। वर्तमान ऐन अनुसार, खनिज तेलहरूमा कोइला, लिग्नाइट र हेलियम समावेश गरिएका छैनन्।
पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्री श्री हरदीप सिंह पुरीले विधेयक सदनमा प्रस्तुत गर्नुभएको थियो। विधेयक माथि छलफल भएपछि लोकसभाले पारित गरेको हो।

**लोकसभा - 5G**

सरकारले देशका 776 जिल्लामध्ये 773 जिल्लामा 5G सेवा उपलब्ध रहेको बताएको छ। आज लोकसभामा यस आसयको जानकारी दिँदै सञ्चार राज्यमन्त्री श्री पेम्मासानी चन्द्रशेखरले सरकारले देशमा 5G सेवाहरूको सम्बन्धमा धेरै नयाँ पहल गरेको बताउनु भयो। उहाँले भन्नुभयो, दूरसञ्चार सेवा प्राधिकरणहरूले हालसम्म 4 लाख 69 हजार **5G बेस ट्रान्सीभर स्टेशनहरू** स्थापना गरिसकेका छन्।

**लोकसभा - रेलवे**

रेलमन्त्री श्री अश्विनी वैष्णवले गत वर्ष होली र गर्मीको बिदामा यात्रीहरूको अत्यधिक भीडलाई ध्यानमा राख्दै १३ हजार ५२३ विशेष रेलगाडीहरू सञ्चालन गरिएको बताउनु भएको छ। लोकसभामा आज श्री वैष्णवले भन्नुभयो, दुर्गा पूजा, दीपावली र छठको समयमा हुने भीडलाई ध्यानमा राख्दै गत वर्ष १ अक्टोबरदेखि ३० नोभेम्बरसम्ममा लगभग आठ हजार विशेष रेलहरू सञ्चालन गरिएका थिए। जसमा, लगभग 1 करोड 80 लाख यात्रीले यात्रा गरेका थिए। उहाँले महाकुम्भको समयमा रेलवेले १७ हजारभन्दा बढी रेलहरू सञ्चालन गरेको, जसमा लगभग ४ करोड २४ लाख यात्रुहरूले यात्रा गरेको जानकारी दिनुभयो।

**क्रिकेट - र्‍याङ्किङ**

रोहित शर्मा आईसीसी एकदिवसीय ब्याटिङ र्‍याङ्किङमा तेस्रो स्थानमा पुगेका छन् भने शुभमन गिल पहिलो स्थानमा यथावत छन्। च्याम्पियन्स ट्रफीको फाइनलमा ७६ रन बनाएर प्लेयर अफ द म्याच घोषित भएका रोहितले दुई स्थान सुधार गरेका छन्। प्रतियोगितामा २१८ रन बनाएका विराट कोहली शीर्ष पाँचमा यथावत छन्।

बलिङ र्‍याङ्किङमा, च्याम्पियन्स ट्रफीमा सात विकेट लिएका कुलदीप यादव तेस्रो स्थानमा पुगेका छन् भने जडेजा पाँच विकेट लिएपछि १० औं स्थानमा पुगेका छन्।

**इन्डियन सुपर लीग**

इन्डियन सुपर लीग फुटबलमा अहिले हैदराबादमा केरल ब्लास्टर्स र हैदराबाद एफसीको भिडन्त हुँदैछ। प्रतियोगितामा हिजो भएको खेलमा मुम्बई सिटीले बंङ्गलुरु एफसीलाई 2 गोलले पराजित गरेको थियो।

**मुख्य समाचार फेरि एकपल्ट**

- **प्रधानमन्त्री श्री नरेन्द्र मोदी मौरिससको सर्वोच्च नागरिक पुरस्कारले विभूषित**
- **देशको समावेशी र दिगो विकासका लागि राष्ट्रपतिले समाजका वञ्चित वर्गको उत्थानमाथि दिनुभयो बल**
- **लोकसभाद्वारा तेलक्षेत्र-विनियमन तथा विकास संशोधन विधेयक पारित**
- **आईसीसी एकदिवसीय क्रिकेट र्‍याङ्किङमा भारतीय खेलाडीहरू शीर्ष दसमा, अनि**
- **इन्डियन सुपर लीग फुटबलमा अहिले केरल ब्लास्टर्स र हैदराबादको भिडन्त हुँदै**